# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७५/०१/११ गते

## प्रेस विज्ञप्ति

### विषय: सुशासन प्रवर्द्धन सम्वन्धी गोष्ठी सम्पन्न ।

---

लोकतन्त्रको आधारशीला स्थानीय सरकार : कार्यवाहक प्रमुख आयुक्त

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा स्थानीय तहको भूमिका विषयक गोष्ठी सोमवार सम्पन्न भएको छ ।

तीन नं. प्रदेश अन्तर्गतका स्थानीय तहका प्रमुख, उप प्रमुख तथा प्रशासकीय प्रमुखहरुको सहभागिता रहेको गोष्ठी समापनका अवसरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कार्यवाहक प्रमुख आयुक्त नवीनकुमार घिमिरेले लोकतन्त्रको आधारशीला स्थानीय सरकार भएकाले लोकतन्त्रलाई संस्थागत र सुदृढ गर्न जनप्रतिनिधिहरु विधि र पद्धति अनुरुप अघि बढ्नुपर्ने बताउनु भयो ।

स्थानीय तहले विधिसम्म ढंगबाट गरेका काममा आयोगसँगै रहने र त्यस कार्यमा सहकार्य गर्न समेत तयार रहेको उल्लेख गर्दै कार्यवाहक प्रमुख आयुक्त घिमिरेले जनताको नजिकको साथीको रुपमा रहेको स्थानीय सरकारको कार्यशैलीले नै राज्यको उपस्थिति जनाउछ भन्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि रहनुभएका कार्यवाहक प्रमुख आयुक्त घिमिरेले मुलुकमा सुशासन कायम गर्ने विषयमा स्थानीय सरकारको भूमिका महत्वपूर्ण रहने बताउदै यस विषयमा आयोग हातेमालो गरेर अघि बढ्न तयार रहेको जानकारी दिनुभयो ।

निर्वाचन प्रणाली खर्चिलो भएका कारण पनि व्यथिति बढेको तर्फ संकेत गर्दै कार्यवाहक प्रमुख आयुक्त घिमिरेले यसमा सुधार ल्याउन जनप्रतिनिधिहरुले बहस चलाउनु पर्दछ भन्नुभयो । उहाँले यस प्रणलीमा सुधार ल्याउन सकेमा समाजमा रहेको बढ्दो व्यथिति रोकिने बताउनुभयो । आयोग आफूलाई सुम्पेको जिम्मेवारीबाट कत्ति पनि विचलित नभइ काम गर्ने स्पष्ट पार्दै कार्यवाहक प्रमुख आयुक्त घिमिरेले समाजमा हुने सार्वजनिक स्रोत साधनको दुरुपयोगका कुनै पनि कार्य रोक्न आयोग तयार छ भन्नुभयो ।

आयुक्त राजनारायण पाठकले विकास निर्माण कार्यमा ढिला सुस्ती हुन नदिन जनप्रतिनिधिहरु समेत चनाखो हुनुपर्ने बताउदै एकै व्यक्तिले धेरै कामको जिम्मा लिने परिपाटीमा सुधार ल्याउनु पर्दछ भन्नुभयो । यस सत्रको अध्यक्षता पनि आयुक्त पाठकले गर्नुभएको थियो ।

दुई दिनसम्म चलेको गोष्ठीमा पहिलो दिनको अध्यक्षता आयोगका आयुक्त डा. सावित्री थापा गुरुङ्ले गर्नुभएको थियो । सो कार्यक्रममा आयोगका आयुक्त डा. गणेशराज जोशीले भ्रष्टाचार नियन्त्रण र सुशासन सम्वन्धी सैद्धान्तिक र व्यवहारिक ज्ञान दिने उद्धेश्यले कार्यक्रमको आयोजना गरेको बताउदैं स्थानीय तहमा देखिएको मानव संशाधनको अभाव हुन नदिनेतर्फ सम्वन्धित निकायको ध्यान जानुपर्ने बताउनुभयो ।

आयुक्त जोशीले स्थानीय सरकार जनताप्रति जवाफदेही भएर काम गरेमा कसैले पनि औंला ठड्याउने अवस्था आउदैंन भन्नुभयो । त्यसैगरी आयुक्त गुरुङले भ्रष्टाचार सीमाहीन अपराधको रुपमा रहेको उल्लेख गर्दै यसबाट हुने सामाजिक विकृति र विसंगति रोक्नका लागि सदाचार संस्कृतिको विकास जरुरी रहेको बताउनु भयो ।

आयोगका सचिव महेश्वर न्यौपानेले जनतासँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय तहको काम कारवाहीलाई सहज र सरल बनाउन सहयोग पुगोस भन्ने उद्धेश्यले कार्यक्रमको आयोजना गरेको बताउनु भयो ।

गोष्ठीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव महेश्वर न्यौपाने, सह सचिवद्वय कालीप्रसाद पराजुली र दीर्घराज मैनाली तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव दिनेशकुमार थपलिया र सहसचिव सुरेश अधिकारीले भ्रष्टाचार नियन्त्रण र सुशासन सम्वन्धी विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

दुबै दिनको कार्यक्रममा कार्यपत्र प्रस्तुती पछि विभिन्न समूह बनाएर समूहगत रुपमा सुझाव प्रस्तुत गर्न लगाइएको थियो । समूहगत र खुला छलफलमा उठेका विषय बस्तुका बारेमा कार्यपत्र प्रस्तोताहरुले जवाफ दिनुभएको थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संयुक्त आयोजनामा सम्पन्न गोष्ठीमा यस प्रदेश अन्तर्गतका स्थानीय तहका प्रमुख, उप प्रमुख तथा प्रशासकीय प्रमुखहरु गरी तीन सयभन्दा बढीकोसहभागिता रहेको थियो। भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने विभिन्न किसिमका प्रवर्धनात्मक रणनीतिहरु अनुरुप आयोगको अगुवाइमा देशका सातै प्रदेशमा यस किसिमको अन्तक्रिया गोष्ठी सञ्चालन हुन थालेको हो। प्रदेश नं. १ को विराटनगर र प्रदेश नं. २ को वीरगञ्ज र जनकपुरमा यस किसिमको गोष्ठी सम्पन्न भइसकेको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता